बैठक संख्या : ५
बैठक मिति : २०७६/०७/८

<u>छलफल तथा निर्णयहरु</u>

१. शहरी विकास मन्त्रालयबाट प्राप्त ब.उ.शी.नं. ३४७०१११७ विशेष भवन निर्माण अन्तर्गत बहुवर्षिय ठेक्का मार्फत निर्माण कार्य अगाडि बढाउन आयोगको पूर्वस्वीकृति माग भएकोमा सम्बन्धित मन्त्रालयबाट कार्यक्रम संशोधन गरी अर्थ मन्त्रालयबाट चालु आ.व. मा लागत अनुमानको एक तिहाई बजेट विनियोजन सहित स्रोत सुनिश्चित भएपछि बहुवर्षीय ठेक्काको स्वीकृति लिन आयोगमा पुनः पेश गर्ने ।

२. उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयबाट बुढीगंगा जलविद्युत आयोजना बहुवर्षीय ठेक्का मार्फत अगाडि बढाउन आयोगको पूर्वस्वीकृति माग भई आएकोमा अर्थ मन्त्रालयबाट चालु आ.व. मा लागत अनुमानको एक तिहाई बजेट विनियोजन सहित स्रोत सुनिश्चितता हुने गरी बहुवर्षिय ठेक्काको सम्झौताको लागि स्वीकृति प्रदान गर्ने ।

३. मिति २०७६ कार्तिक १८ देखि २१ गते तद्अनुसार सन् २०१९ नोभेम्बर ४ देखि ७ सम्म काठमाडौंमा आयोजना हुने पाँचौं **Scaling Up Nutrition Global Gathering (SUNGG) 2019** सम्मेलनको सुरक्षा सम्बन्धी जिम्मेवारी नेपाल सरकारको हुने भएको हुँदा कार्यक्रममा सहभागी अतिविशिष्ट पाहुनाहरुको व्यक्तिगत सुरक्षा र शिष्टाचार प्रवन्धदेखि कार्यक्रमको सुरक्षामा खटिने सुरक्षाकर्मी, सवारीचालक र कार्यक्रमको सहजीकरणका लागि खटिने अन्य कर्मचारीहरु लाई समेत खटिएको अवधिमा खाजा तथा खानाको व्यवस्था आयोगको तर्फबाट गर्ने । सोका लागि लाग्ने खर्च उल्लिखित सम्मेलन आयोजनाका लागि चालु आ.व.मा आयोगको विनियोजित बजेटबाट खर्च गर्ने ।

२०७६/७/८

२०७६/७/८